# पनौती नगरपालिका
## Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) : ४६२

मिति (Date) : २०७७/०६/०१

श्री वडा कार्यालय,
वडा नं . . .
पनौती नगरपालिका।

बिषय :-सुचना टाँस गरिदिने बारे।

प्रस्तुत बिषयमा पनौती नगरपालिका नगरकार्यपालिका कार्यालयको आ.ब. २०७७/०७८ को कृषि तथा पशुपन्छी बिकास कार्यक्रम अन्तर्गत सहकार्यमा संचालन गर्ने अनुदानका कार्यक्रमहरुको प्रस्ताव पेश गर्ने सम्वन्धी प्रकाशन गरिएको सुचना,कार्यक्रम विवरण, कार्यविधि र दरखास्त फारम यसै साथ संलग्न राखी पठाईएको छ। सुचना कार्यालयको सुचनापाटीमा टाँस गरी व्यापक रुपमा प्रचार प्रसार गरि तोकिएको समयभित्र रितपूर्वकको दरखास्त बुझाउनको लागि आवश्यक सहयोग समेत गरि दिनु हुन अनुरोध छ। साथै प्रस्ताव लिदा प्राथमिकताको आधारमा बढीमा २ वटा सम्म सामाग्री माग गर्ने व्यवस्था गरि आवश्यक कागजात सहित तोकिएको मिति सम्म प्रस्ताव संकलन गरि म्याद समाप्त भएको मितिको भोलिपल्ट पनौती नगरपालिका कृषि तथा पशुपन्छी शाखामा आईपुग्ने गरि पठाई दिनुहुन अनुरोध छ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ............................

पनौती नगरपालिकाद्धारा आ.व. ०७७/०७८ वितरण हुने र संचालन गरिने कृषि तथा पशु विकाश कार्यक्रमको सहकार्यमा अनुदान प्राप्त गर्नका लागि पुरा गर्नुपर्ने स्विकृत शर्त र विधिहरु निम्न अनुसार छन ।

**१. सहकार्यमा चिलिङ भ्याट वितरण कार्यकक्रम ।**

दैनिक कम्तीमा ५०० लि.देखि १०००लि.सम्म दुध संकलन गरेको हुनुपर्नेछ । छनौट पश्चात लागत मुल्यको ४० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**२. कोभिड-१९ का कारण रोजगारी गुमाएका,वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको माग वमोजिम प्रस्तावमा आधारित कृषि तथा पशुपालन व्यवसाय युवालक्षीत कार्यक्रम ।**

कोभिड-१९ का कारण रोजगारी गुमाई वैदेशिक रोजगारीबाट फर्केका व्यक्तीहरुको माग र प्रस्तावका आधारमा सम्वन्धीत कृषकहरुले गर्ने चाहेको पशु/कृषि कार्यक्रमको कार्ययोजना सहित पेश गर्नु पर्नेछ । छनौट पश्चात स्विकृत रकमको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ , कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम भुक्तानी गरिनेछ । यस सम्वन्धी विवरण खुल्ने कागजात सहित पेश गर्नु पर्नेछ ।

**३. प्रस्तावमा आधारित कार्यक्रम (गाई भैसी पालन)/( दुध तथा दुग्ध जन्य पदार्थ विविधिकरण कार्यक्रम) ।**

यस कार्यक्रममा सहभागी हुनका लागि कार्ययोजना सहित प्रस्ताव पेश गर्नु पर्नेछ ,गाई भैसी पालनको हकमा भैसी कम्तीमा ४ र गाई कम्तीमा ५ वटा पालेको हुनुपर्नेछ । छनौट पश्चात स्विकृत रकमको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ,कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम बैक खातामा जम्मा गरि भुक्तानी दिइनेछ ।

हरि प्रसाद थापागाई
प्रमुख प्रशासकीय अधिकृत

**४. सहकार्यमा मिल्क एनालाईजर वितरण कार्यक्रम ।**

यस कार्यक्रममा छनौट हुनु भएका दुग्ध सहकारी/दुग्ध संकलन केन्दले दैनिक कम्तीमा ५०० लि.दुग्ध संकलन गर्ने गरेको हुनुपर्नेछ र सोको प्रयोग गर्ने योजना सहितको प्रतिवद्धता हुनु पर्दछ। छनौट पश्चात लागत मुल्यको ४० प्रतिशत रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ । कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम बैक खातामा जम्मा गरि भुक्तानी दिइनेछ ।

**५. मोटर सहितको च्याफकटर (भुसा काट्ने मेसिन) ।**

यस कार्यक्रममा सहभागी हुनका लागी व्यवसायिक रुपमा गाई भैसी पालन गरेको वा गर्ने प्रतिबद्धता सहित कम्तिमा २ गोटा गाई भैसी पालेको हुनु पर्नेछ ।

**६. मिनिटिलर वितरण कार्यक्रम ।**

मिनिटिलर लिन इच्छुक कृषक/कृषक समुहहरुले यस कार्यक्रममा दरखास्त पेश गर्न सक्ने छन । कृषकको हकमा कम्तीम ४ रोपनी जग्गा भएका कृषकले, समुहको हकमा ५० रोपनी संचालन विधी सम्बन्धी कार्य योजना सहित दरखास्त दिन सक्ने छन । यस अघि कुनै पनि निकायबाट यो सेवा लिनु हुने व्यक्ति सघं संस्थाहरुले भाग लिन पाउने छैनन । प्रस्ताव पेश गर्नु हुने कृषक /समुह छनौट भएपछी अग्रीम ४० प्रतिशत सहकार्यको रकम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**७. मकै छोडाउने मेशिन वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक तथा कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ४ रोपनीमा मकै खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुहले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**८. आलु खन्ने मेसिन सहितको पेट्रोल मिनिटिलर वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह/सहकारी सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा १० रोपनीमा आलु खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुह र सहकारीको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुह/सहकारीले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

हरि प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

**९. आलु ड्याङ बनाउने मेसिन (पेट्रोल) वितरण कार्यक्रम।**

यस कार्यक्रममा कृषक/कृषक समुह/सहकारी सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा १० रोपनीमा आलु खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुह र सहकारीको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुह/सहकारीले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**१०. मल्टीक्रप पावर थ्रेसर (धान गहुँ चुट्ने मेसिन) वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह/सहकारी सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा १० रोपनीमा धान गहुँ खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुह र सहकारीको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुह/सहकारीले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**११. प्याडल थ्रेसर (धान चुट्ने मेसिन) वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा धानखेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुहले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**१२. डिजेल पम्प सेट ( पानी तान्ने मेसिन) वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुहले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**१३. पेट्रोल पम्प सेट ( पानी तान्ने मेसिन) वितरण कार्यक्रम ।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन । सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ । समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ । छनौटमा पर्नुहुने कृषक/कृषक समुहले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

**१४. ब्याकप्याक विडर मेसिन (बाली गोडमेल,घाँस काट्ने) वितरण कार्यक्रम।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन। सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा खेती गरिएको र ५ वटा सम्म गाई भैसी पालेको प्रमाण पेश गर्नु पर्नेछ। समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ। छनौटमा पर्नुहुने कृषक/कृषक समुहले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

**१५. २०० के.जी. डिजिटल तराजु वितरण कार्यक्रम।**

यस कार्यक्रममा कृषक समुह/तरकारी तथा दुग्ध संकलकहरु सहभागि हुन पाउने छन। सहभागीताका लागी समुहको हकमा सामुहिक रुपले तरकारी संकलन तथा वितरण गरेको हुनुपर्नेछ। दुध संकलकको हकमा दैनिक ५०० लि. भन्दा बढी संकलन गरेको प्रमाण पेश गर्नु पर्नेछ। छनौटमा पर्नुहुने कृषक समुह तथा दुग्ध संकलकले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

**१६. टि.पि.एस. आलु वीउ वितरण कार्यकम।**

यस कार्यक्रममा कृषक/कृषक समुह सहभागि हुन पाउने छन। कार्यकममा भाग लिनका लागी आफुलाई आवश्यक पर्ने संख्या एकिन गरि दरखास्त पेश गर्नु पर्नेछ। सहभागीताका लागी कृषकको हकमा कम्तीमा ५ रोपनीमा आलु खेती गरिएको प्रमाण पेश गर्नु पर्नेछ। समुहको लागी संचालन कार्य योजना पेश गर्नु पर्ने छ। छनौटमा पर्नुहुने कृषक/कृषक समुह/सहकारीले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

**१७. प्लाष्टिक टनेल, इलेक्ट्रीक स्प्रेयर,आलु विउ राख्ने जाली बोरा वितरण कार्यकम।**

प्लाष्टीक टनेल र ग्रिन नेट प्राप्त गर्न आफुले गरेको तरकारी खेतीको विवरण सहित माग गर्नु पर्नेछ। अन्य सामाग्रीको हकमा कार्यक्रममा कृषकहरुले भाग लिनका लागी आफुलाई आवश्यक संख्या एकिन गरि दरखास्त दिनु पर्नेछ। छनौटमा पर्नुहुने कृषकहरुले सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ।

हरि प्रसाद थापागाई
प्रमख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

**१८. आई.पि.एम. कृषक पाठशाला कार्यक्रम संचालन ।**

आई.पि.एम कृषक पाठशाला संचालनका लागी कृषक समुह/समिती/सहकारीहरुले चाहेको र आवश्यकता अनुसारको विषय खोलि सहकार्य सहितको कार्य योजना पेश गर्नु पर्नेछ । छनौट पश्चात सहकार्यवापतको ४०% रकम अग्रिम नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ । कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम बैक मार्फत भुक्तानी गरिनेछ ।

**१९. व्यबसायिक सुन्तला बगैंचा ब्यबस्थापन कार्यक्रम ।**

सुन्तला बगैंचा व्यबस्थापानको लागी कार्य योजना वनाई, कम्तीमा ५० बोट सुन्तला बगैचा हुने कृषकहरुलाई नगरपालिकाको कृषि तथा पशुपन्छी शाखामा सुचीकृत भई बगैचाको फोटो सहित राखी दरखास्त दिनु पर्नेछ ४०% सहकार्य सहित अधिकतम १ लाखमा नवढ्ने गरि प्रस्ताव पेश गर्ने र छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गरेपछि कार्य सम्पननताको प्रतिवेदन प्राप्त भएपछी एकमुष्ठ रकम बैक मार्फत भुक्तानी गरिनेछ ।

**२०. पुष्प विरुवा वितरण कार्यक्रम ।**

यस कार्यक्रममा प्रस्ताव पेश गर्नका लागि पर्यटक प्रवर्धन गर्ने व्यक्ती,संघ,संस्था,समूह ,सहकारीहरुले आ–आफ्नो घर वरिपरि आकर्षक जातका के कस्ता र कति विरुवा रोप्न चाहेको हो एकिन गरि दरखास्त दिनुपर्नेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

**२१. उच्च मुल्यका फलफुलका विरुवा वितरण कार्यकम ।**

यस कार्यक्रममा भाग लिनका लागी उच्च मुल्यको फलफुलको विरुवा (एभोकाडो दाँतेओखर,किवि, सुन कागती आदी ) मध्ये कुन विरुवा लगाउन चाहेको हो एकिन गरी कार्ययोजना सहित कम्तिमा २० देखि ५० गोटा विरुवा रोप्न आवश्यक जग्गा हुने कृषकहरुले दरखास्त दिन सक्नेछन । छनौट पश्चात ४०% ले हुन आउने रकम बरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

Phone: 011-440138, 011-440136, Fax No.: 011-440137, Website: www.panautimun.gov.np, Email: info@panautimun.gov.np

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पनौती
Panauti

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ........................

२२. अर्गानिक खेती प्रविधि प्रोत्सहान कार्यकम

यस कार्यक्रममा भाग लिनका लागी पुर्ण कार्य योजना सहित कुन वालीको खेती गर्न चाहेको हो एकिन गरि दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम प्रति रोपनी ५० हजार सम्म उपलव्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२३. मल्चिङ प्रविधि डेमो कार्यकम ।

यस कार्यक्रममा भाग लिनका लागी पुर्ण कार्य योजना सहित कुन वालीको खेती गर्न चाहेको हो एकिन गरि दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम प्रति रोपनी ५० हजार सम्म उपलव्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२४. साना सिंचाई मर्मत तथा पाइप वितरण कार्यकम ।

यस कार्यक्रममा भाग लिनका लागी सामुहिक रुपमा साना कुलो सिंचाई प्रयोग गरि कम्तीमा १० घरले प्रयोग गर्ने प्रमाण सहित के कस्तो मर्मत सुधार गर्नु पर्ने हो सो को विवरण सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम १ लाख सम्म रकम उपलव्ध गराईनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२५. अलैची वाली सुधार कार्यकम ।

यस कार्यकममा सहभागी हुनको लागी कृषकहरुले कति रोपनी जग्गामा वाली लगाएको हो सो को विवरण सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम ५० हजार सम्म रकम उपलव्ध गराईनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

२६. अदुवा वेसार पकेट क्षेत्र विस्तार कार्यक्रम ।

यस कार्यक्रममा सहभागी हुनको लागी कृषकहरुले कति रोपनी जग्गामा वाली लगाउने हो सो को विवरण सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम ५० हजार सम्म रकम उपलब्ध गराईनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२७. थोपा सिंचाई प्रविधि कार्यक्रम ।

यस कार्यक्रममा भाग लिनका लागी पुर्ण कार्य योजना सहित कुन वालीकोलागी कति क्षेत्रफलमा खेती गर्न चाहेको हो एकिन गरि दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्य सहित अधिकतम रु.५० हजार सम्म उपलब्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२८. धान पकेट क्षेत्र कार्यक्रम ।

यस कार्यक्रममा भाग लिनका लागी कुन जातको र कति क्षेत्रफलमा धानको पकेट वनाउन चाहेको हो सो कार्य योजना सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्यवापतको रकम सहित अधिकतम रु. ५० हजार सम्म उपलब्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२९. हिउदे वर्षे घाँस श्रोत केन्द्र स्थापना

यस कार्यक्रममा भाग लिनका लागी कुन जातको र कति क्षेत्रफलमा घाँसको वीउ लगाउन चाहेको हो सो को कार्य योजना सहित दरखास्त दिनु पर्नेछ । छनौट पश्चात सहकार्यवापतको रकम सहित अधिकतम रु. ५० हजार सम्म उपलब्ध गराइनेछ । छनौट पश्चात ४०% ले हुन आउने रकम वरावर नगरपालिकाको खातामा जम्मा गर्नु पर्नेछ ।

२/१०/२०७८

२०७६/६/१९

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

पनौती नगरपालिका
Panauti Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ..........................

## प्रस्ताव पेश गर्ने वारे ।

प्रस्तुत विषयमा पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत रहेको कृषि तथा पशुपन्छी शाखाले आ.व.०७७/७८ मा सहकार्यमा संचालन गर्ने तपशिलका कार्यकमहरुमा भाग लिन पनौती नगरपालिका क्षेत्र भित्र रहेका इच्छुक कृषक/कृषक समुह/सहकारी/व्यवसायीक फर्म/संघ/संस्थाहरुले सम्वन्धीत वडा कार्यालयवाट प्राप्त हुने दरखास्त फारम भरि सुचना प्रकासित मितिले ३० दिन भित्र सम्वन्धित वडा कार्यालयहरुमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । प्राप्त निवेदनहरुको फिल्ड भेरिफिकेसन गरी मापदण्ड पुरा भएको आधारमा छनौट गरिने छ । अनुदान कार्यकमको मापदण्ड सम्वन्धित वडा कार्यालय तथा यस कार्यालयको वेभसाईटwww.panautimun.gov.npमा हेर्न सक्नु हुनेछ ।

**पशु तथा कृषि विकास तर्फका कार्यक्रमहरु । (६०-४० प्रतिशत सहकार्यमा)**

१. चिलिङ भ्याट (५०० लि.र १००० लि. क्षमताको) वितरण कार्यक्रम ।
२. कोभिड-१९ का कारण रोजगारी गुमाएका,वेदेशिक रोजगारीबाट फर्केका युवाहरुको माग वमोजिम प्रस्तावमा आधारित कृषि तथा पशुपालन व्यवसाय युवालक्षीत कार्यक्रम ।
३. प्रस्तावमा आधारित कार्यकम (गाई भैसी पालन)/( दुध तथा दुग्ध जन्य पदार्थ विविधिकरण कार्यक्रम) ।
४. मिल्क एनालाईजर वितरण कार्यक्रम ।
५. मोटर सहितको च्याफकटर (भुसा काट्ने मेसिन) वितरण कार्यक्रम ।
६. मिनिटिलर वितरण कार्यक्रम ।
७. मकै छोडाउने इलेक्ट्रीक मेसिन वितरण कार्यक्रम ।
८. आलु खन्ने मेसिन सहितको मिनि टिलर (पेट्रोल) वितरण कार्यक्रम ।
९. आलु ड्याङ बनाउने मेशिन (पेट्रोल) वितरण कार्यक्रम ।
१०. मल्टीक्रप पावर थ्रेसर(धान,गहुँ चुट्ने मेसिन) वितरण कार्यक्रम ।
११. प्याडल थ्रेसर (धान चुट्ने मेशिन) वितरण कार्यक्रम ।
१२. डिजेल पम्प सेट (पानी तान्ने मेसिन) वितरण कार्यक्रम ।
१३. पेट्रोल पम्प सेट (पानी तान्ने मेसिन) वितरण कार्यक्रम ।
१४. व्याकप्याक विडर मेसिन (गोड्ने/घाँस काट्ने) वितरण कार्यक्रम ।
१५. २०० के.जी.क्षमताको डिजिटल तराजु वितरण कार्यक्रम ।
१६. टि.पि.एस. आलु वीऊ वितरण कार्यक्रम ।
१७. प्लाष्टीक टनेल,इलेक्ट्रीक स्प्रेयर आलु वीऊ राख्ने जाली बोरा वितरण कार्यक्रम ।

२०७७/६/१९

हरि प्रसाद चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal

पत्र संख्या.(L.No.):
च.नं.(Ref. No.) :

मिति (Date) : ........................

१८. आई.पि.एम.कृषक पाठशाला कार्यक्रम संचालन ।
१९. अभियानमुखि सुन्तलाजात बगैचा व्यवस्थापन कार्यक्रम ।
२०. पुष्प खेती वगैचा प्रवर्धन कार्यक्रम ।
२१. उच्च मुल्यका फलफुलका विरुवा वितरण कार्यक्रम ।
२२. अर्गानिक खेती प्रविधि प्रोत्सहान कार्यक्रम ।
२३. मल्चिङ प्रविधि डेमो कार्यक्रम ।
२४. साना सिचाई मर्मत तथा पाइप वितरण कार्यक्रम ।
२५. अलैची वाली सुधार कार्यक्रम ।
२६. अदुवा बेसारको पकेट क्षेत्र विस्तार कार्यक्रम ।
२७. थोपा सिंचाई प्रविधि कार्यक्रम ।
२८. धान पकेट क्षेत्र कार्यक्रम ।
२९. हिउदे वर्षे घाँस श्रोत केन्द्र स्थापना कार्यक्रम ।

**आवश्यक कागजपत्रहरु**

१. कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. फर्म, संघ, संस्था र सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपी तथा आ.व. ०७६/७७ को कर चुक्ता भएको प्रमाण ।
३. पनौती नगरपालिकामा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी ।
४. समुह, सहकारीको हकमा कार्यसमितिको निर्णय प्रतिलिपी ।
५. व्यवसायिक कार्ययोजना ।
६. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

- नगद भुक्तानी हुने कार्यक्रमहरुमा भाग लिने व्यक्तीहरुले अनिवार्य रुपमा नेपाल बैक लिमिटेडमा खाता खोल्नु पर्नेछ ।
- थप जानकारकिो लागी पनौती नगरपालिका कृषि तथा पशुपन्छी शाखा (९८६०७३४६५३, ९८५११२००८० ९८६२८२८०८४) वा सम्वन्धित वडा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**(यस सम्वन्धि निर्णय गर्ने सम्पुर्ण अधिकार पनौती नगरपालिकाकमा सुरक्षित रहनेछ ।)**

२०७७।६।९

हरि प्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत